IFAD
Investing in rural people

# "समृद्धि" आयोजनाको सहकार्यमा नागरिक लगानी कोष मार्फत स्वदेश मै लगानी तथा बचतको अवसर

## पृष्ठभूमि:-

वैदेशिक रोजगारीमा रहेका व्यक्तिले विदेशबाट पठाउने विप्रेषण आम्दानीको स्वदेशमा नै लगानी तथा बचत गर्ने अवसर सिर्जना गरी विप्रेषणको सही सदुपयोग गर्न सहयोग पुर्याउने हेतुले–नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको ग्रामीण उद्यम तथा विप्रेषण आयोजना "समृद्धि" र नागरिक लगानी कोष बिच वित्तीय संयन्त्रमा सहकार्य गर्ने सम्झौता सम्पन भएको छ ।

"समृद्धि" आयोजनाको कार्यक्षेत्र प्रदेश १, २ र ३ का १६ जिल्लामा आप्रवासनमा रहेको जनसंख्या लागभग ६०% प्रक्षेपण गरिएको छ । तसर्थ, जनसंख्याको ठूलो हिस्सा ओगटेका आप्रवासीको विप्रेषण आम्दानीलाई सदुपयोग गर्न नागरिक लगानी कोषको सफ्टवेयर्सूचना व्यवस्थापन प्रणाली (MIS) मा आयोजनाले प्राविधिक तथा वित्तीय सहयोग प्रदान गर्दै छ ।

यस प्रकार कार्यान्वयनमा ल्याईएको अनलाईन सेवाबाट अन्य देशका अलावा गल्फ मुलुकहरूः बहराईन, कुबेत, ओमान, कतार, साउदी अरब र संयुक्त अरब ईमिरेट्स (युएई) का आप्रवासीहरू वैदेशिक रोजगारको आम्दानीलाई आँफू र आफ्ना परिवारको भविष्य सुनिश्चित गर्न सबल हुने अपेक्षा गरिएको छ ।

जस्तै; आप्रवासनमा रहेको व्यक्तिले अनलाईन सेवा मार्फत विदेशमा नै रहेर विप्रेषणको हिस्सा नागरिक लगानी कोषको खाता मार्फत बचत वा लगानी र कति आफ्नो तथा परिवारका लागि खर्च गर्ने भन्ने निर्णय लिन सक्दछ। उपरोक्त सेवाबाट विदेशमा रहेका आप्रवासी कामदार तथा सेवाग्राही नागरिक लगानी कोषले ल्याएका आकर्षक लगानी एवं बचत योजनाका अवसरहरूबाट लाभ उठाउन पाउने छन् ।

नागरिक लगानी कोषले "समृद्धि" आयोजना संगको सहकार्यमा विशिष्टिकृत गरेको सूचना प्रणाली यसर्थ पारदर्शी हुनुको साथै सेवाग्राहीका लागि ईन्टरनेट मार्फत नै विश्वव्यापि रुपमा सूचनामा पँहुच उपलब्ध हुने अपेक्षा गरिएको छ ।

## नागरिक लगानी कोष Citizen Investment Trust — सेवाग्राहीलाई नागरिक लगानिकोषको सूचना प्रणालीमा पहुँचहुने प्रकृया

- वेवसाईटः http://nlk.org.np बाट जानकारी लिन सकिने ।
- राष्ट्रिय दैनिक छापा पत्रिकामा कोषको गतिविधिहरु सम्वन्धी बिज्ञापन मार्फत पनित जानकारीहरू दिने गरिएको छ ।
- अनलाइन संचार माध्यमबाट पनि कोषको सूचना उपलब्ध गराउने गरिएको छ ।
- प्रेस विज्ञप्ति मार्फत कोषको नयाँ बिषयहरुलाई सार्वजनि गर्ने गरिएको छ ।
- सोधपुछ कक्ष (Help Desk) बाट सेवाग्राहीले सहजै जानकारी प्राप्त गर्न सक्दछन् ।
- कोषका देहायका नम्बरबाट पनि जानकारी लिन सकिन्छ । सोधपुछ कक्षको एक्टेन्सन नम्वरः **१०१ वा ९** रहेको छ । वा कोषका फोन नम्वरहरुमा प्रत्यक्ष फोन गर्दा **४७९५३१९, ४७९५३२०, ४७८५३२१, ४७९५३२५, ४७८४२९८,४७८१६७३** जानकारी लिन सकिने छ ।
- कोषको बिषय वस्तुलाई समेटेर प्रकाशन गरिएको सूचना सामग्रीहरू- लिफलेट, ब्रोसर, बुलेटिन आदीबाट पनि कोष गतिविधि थाह पाउन सकिन्छ ।

भदौ, २०७८

## नागरिक पेन्सन योजनामा सहभागी हुने तरिका

- कोषको वेभसाईटः www.nlk.org.np मा गएर नागरिक पेन्सन योजना Pension Yojana Account Opening Registration मा क्लिक गरी अनलाइनबाटै पेन्सन खाता खोल्न सकिन्छ ।

- 
अर्को माध्यम वेवसाइडमा उलब्ध KYC फारम भरेर पेन्सन योजनाको ईमेल ठेगानाः citpension@nlk.org.np / citpension@gmail.com मा पठाएमा योजनाले खाता खोली सोही ईमेलमा E-Card पठाउने ब्यवस्था पनि रहेको छ ।

- रकम जम्मा गर्न NIC ASIA NIC ASIA Bank को जुनसुकै शाखाबाट खातावालाको नामः नागरिक लगानी कोष, नागरिक पेन्सन योजना [CIT NAGARIK PENSION YOJANA] खाता नं 0544151035217012, खाता रहेको बैकको शाखाः थापाथली, कर्पोरेट अफिस, काठमाण्डौमा जम्मा गरि बैक भैचर वा जुनसुकै माध्यमबाट अनलाईन ट्रान्स्फर गरेको भए सोको रिपोर्ट कोषमा जुनसुकै माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

- कनेक्ट आइपियस connect IPS (Connect IPS) मा उपलब्ध गराईएको सिआइटी पेन्सन मेनु मार्फत पनि सोझौ रकम जम्मा गर्न सकिने ब्यवस्था रहेको छ । यसरी जम्मा गर्दा बैंक भौचर र ट्रान्फर रिपोर्ट बुझाईराख्नु पर्दैन ।

- जम्मा भएको रकम हेर्न connect IPS कनेक्ट आपियसमा पेन्सन नंबर र जन्म मितिको आधारमा यहाँबाट अन्तिम पटक जम्मा भएको रकम र मिति समेत हेर्न सकिने ब्यवस्था रहेको छ ।

- यसका अलवा बिभिन्न Wallet र fonepay Fone Pay मार्फत निकट भबिष्यमा जम्मा गर्न सकिनेछ ।

- यसैगरी संकलित रकमको बिवरण हेर्न www.nlk.org.np मा गएर ईसर्भिस पोर्टलमा साईनअप गरी प्राप्त लगईनको माध्यमबाट स्टेटमेन्ट हेर्न सकिन्छ ।

- कोषको मोवाईल एप र नेपाल सरकारको नागरिक एप मार्फत पनि संकलित रकम हेर्न सकिने ब्यवस्था रहेकोछ ।

## बचत तथा लगानीका लागि नागरिक पेन्सन योजनाबारे बिस्तृत जानकारी





नागरिक पेन्सन योजना अन्तर्गत नागरिक लगानी कोषले सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्न सक्ने नागरिक लगानी कोष ऐन २०४७ मा भएको व्यवस्था अनुसार व्यापक सहभागितामूलक बचत कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकतालाई परिपूर्ति गर्न निश्चित अवधिपछि **"एज यु गो"** को आधारमा पेन्सन योजनामा रूपान्तर गर्ने प्रावधानसहितको नागरिक पेन्सन योजना ल्याएको हो ।


सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्ने, त्यस्तो बचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले नागरिक पेन्सन योजना सञ्चालन गरिएको हो । यसले बचतकर्तालाई तोकिएको उमेर र योगदान अवधिपछि नियमित पेन्सन उपलब्ध गराउँछ ।

पेन्सन पाउनयोग्य हुने अवस्था अन्तर्गत पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पूरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्छ । यदि बचतकर्ताले १५ वर्षको बचत नगर्दै ६० वर्ष उमेर पूरा भएको रहेछ भने त्यस्तो बचतकर्ताले निजले कोषमा जम्मा गरेको रकम र त्यसको ब्याज र प्रतिफलसमेत एकमुष्ट भुक्तानी लिन वा पेन्सनका रूपमा रोजेर भुक्तानी लिन पाउँछ । नेपाल सरकार वा अन्यत्रबाट पेन्सन पाउन योग्य व्यक्तिले पनि यो योजनामा योगदान गरी निवृत्तिभरणका लागि योग्य हुन सक्ने प्रावधान रहेको छ ।

रकम जम्मा गर्ने तरीका अन्तर्गत सहभागीले न्यूनतम मासिक रू ५०० देखि अधिकतम आम्दानीको क्षमताअनुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने प्रावधान रहेको छ ।

बचत रकम मासिक र त्रैमासिक र अर्धवार्षिक र वार्षिक रूपमा जम्मा गर्न सकिन्छ । यस्तो किस्ता बुझाउँदा मासिक रू. ५०० भन्दा कम नहुने गरी बुझाउनुपर्छ ।

जम्मा भएको बचत रकममा कोषले समय समयमा निर्धारण गरेअनुसार दैनिक मौज्दातको आधारमा ब्याज गणना गरी त्रैमासिक रूपमा ब्याज तथा लगानीबाट प्राप्त थप प्रतिफल समेत प्राप्त हुने व्यवस्था पनि रहेको छ । थप प्रतिफल पनि गणना गरी सहभागीहरूलाई समानुपातिक हिसाबले दिने व्यवस्था रहेकोछ ।

पेन्सन गणना बिधि अन्तर्गत सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीबाट प्राप्त प्रतिफलसमेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महीना निजको जीवन कालभर पेन्सनका रूपमा उपलब्ध गराइन्छ ।

सहाभागीहरुले प्राप्त गर्ने मुख्य सुविधाहरु अन्तर्गत कोषले यो योजनाका सहभागी बचतकर्तालाई ५ वर्ष पूरा भएपछि निजको नाममा जम्मा रहेको रकम बढीमा ८० प्रतिशतसम्म सापटी प्रदान गर्छ । जुनसुकै कारणले बचतकर्ताको मुत्यु भएमा निजको अन्तिम संस्कारका लागि निजको नजीकको आश्रित परिवार सदस्य वा हकवालालाई १० हजार रुपैयाँ एकमुष्ट उपलब्ध हुनेछ । यसका साथै बचतकर्ताले कोषद्वारा तोकिएका निजी अस्पतालमा औषधि उपचार गर्दा लाग्ने खर्चमा छूट सुविधा प्रदान हुनेछ ।

योजनाबाट रकम फिर्ता लिने वा अलग हुने अवस्था अन्तर्गत बचतकर्ताको आयस्रोत गुमेमा वा अशक्तताका कारणले आय आर्जन गर्न अक्षम भएमा वा बसाइ सरी अन्य मुलुकमा गएको खण्डमा यस योजनाबाट अलग हुन सकिने व्यवस्था रहेको छ ।

यो योजनाबाट अलग हुँदा बचतकर्ताले शर्तबमोजिम नियमित रूपमा बचत गरेको कम्तीमा २ वर्ष पूरा भएमा बचत भएको साँवा रकम एकमुष्ट फिर्ता भुक्तानी पाइने व्यवस्था रहेको छ । कुनै बचतकर्ताले १५ वर्षको बचत नगर्दै ६० वर्ष उमेर पूरा भएको रहेछ भने त्यस्तो बचतकर्ताले निजले कोषमा जम्मा गरेको रकम र त्यसको ब्याज र प्रतिफलसमेत एकमुष्ट भुक्तानी लिन वा पेन्सन रोज्न पाउने व्यवस्था रहेको छ ।

सहभागीमध्ये पति वा पत्नीले पेन्सन पाउनयोग्य रहेछ र पेन्सन प्राप्त गर्न शुरू गरेपछि निजको मृत्यु भएमा मृतकको पति वा पत्नीलाई निजले पाइरहेको रकम बराबर नै पारिवारिक पेन्सन प्रदान गरिने व्यवस्था रहेको छ । बचतकर्ताको निवृत्तिभरण शुरू भएपछि निज र निजको श्रीमान वा श्रीमती दुवैको मृत्यु भएमा बचत रकम निजहरूको कानूनी हकदारलाई प्रदान गरिने प्रावधान रहेको छ ।



रकम जम्मा गर्ने तरीका अन्तर्गत सहभागीले न्यूनतम मासिक रू ५०० देखि अधिकतम आम्दानीको क्षमताअनुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने प्रावधान रहेको छ ।

यस प्रकारको पेन्सन योजनाले आम नागरिकलाई बचत गर्न प्रोत्साहित गर्ने र बचतलाई देशको आर्थिक विकासमा परिचालन गर्दै आर्थिक समृद्धि प्राप्त गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास कोषले लिएकाले यसमा व्यापक जनसहभागिता वृद्धि हुने अपेक्ष रहेकोछ । भबिष्यमा स्वास्थ्य बीमालगायत सामाजिक सुरक्षाका अन्य सुविधाहरूमा वृद्धि गर्दै लगेमा अनौपचारिक क्षेत्रमा रहेका करीब ४० लाख श्रमिक, कामदार र स्वरोजगार नागरिक तथा वैदेशिक रोजगारमा रहेका करीब ५० लाख नागरिक यो योजनामा सहभागी हुने सम्भावना रहेको देखिन्छ ।

भदौ, २०७८

तयार गर्नेः सन्तोष अधिकारी, सुजना घिताल


IFAD
Investing in rural people

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)**
Rural Enterprises and Remittances Project (RERP)
"Samriddhi"

**आयोजना व्यवस्थापन कार्यालय**
ईटहरी-सुनसरी
फोन नं: ०२५-४७६४७३/४७६४७६
ईमेल: info.rerp@moics.gov.np
फेसबुक पेजः RERP (SAMRIDDHI)
https://rerp.moics.gov.np